आकाशवाणी समाचार- नेपाली
मितिः २६ सितम्बर २०२४
समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

**१.प्रधानमन्त्री नरेन्द्र मोदीले आज महाराष्ट्रको पुणेको भ्रमण गर्नुहुनेछ । उहाँले २२ हजार ६०० करोड रुपियाँ भन्दा अधिक मूल्यको विभिन्न परियोजनाको उद्घाटन, शिलान्यास र राष्ट्रलाई समर्पित गर्नुहुनेछ।**

**२.राष्ट्रपति द्रौपदी मुर्मूले शनिबार हैदरावादको बोलारमस्थित राष्ट्रपति निलयममा भारतीय कला महोत्सवको उद्घाटन गर्नुहुनेछ।**

**३. प्रधानमन्त्री नरेन्द्र मोदीले मेक इन इन्डिया पहलले देशको युवा शक्तिलाई ठूला सपना देख्ने उत्साह दिएको बताउनु भएको छ।**

**४.** केन्द्र शासित प्रदेश जम्मू कश्मीरमा दोस्रो चरणको विधानसभा चुनावमा ५४ प्रतिशत भन्दा अधिक मतदान भएको छ।

४.किदाम्बी श्रीकान्त मकाउ ओपन ब्याडमिन्टनको पुरुष सिंगल्सको प्रि क्वाटरफाइनलमा प्रवेश गरेका छन्।

**प्रधानमन्त्री – पुणे भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज महाराष्ट्रको पुणेको भ्रमण गर्नुहुनेछ । उहाँले २२ हजार ६०० करोड रुपियाँ भन्दा अधिक मूल्यको विभिन्न परियोजनाको उद्घाटन, शिलान्यास र राष्ट्रलाई समर्पित गर्नुहुनेछ । श्री मोदीले जिल्ला अदालतबाट पुणेको स्वारगेटसम्म चल्ने मेट्रो ट्रेनलाई हरियो झण्डा देखाउनुहुनेछ। सुपरकम्प्युटिङ टेक्नोलोजीको क्षेत्रमा भारतलाई आत्मनिर्भर बनाउने आफ्नो प्रतिबद्धता अनुरुप प्रधानमन्त्री श्री मोदीले राष्ट्रिय सुपरकम्प्युटिङ मिसन अन्तर्गत स्वदेशमा विकास गरिएका लगभग १३० करोड रुपियाँ मूल्यको तीन वटा परम रुद्र सुपर कम्प्युटर राष्ट्रलाई समर्पित गर्नुहुनेछ । यी सुपर कम्प्युटरहरू पुणे, दिल्ली र कोलकातामा अग्रणी वैज्ञानिक अनुसन्धानको सुविधाका लागि तैनाथ गरिएको छ। प्रधानमन्त्री श्री मोदीले मौसम र जलवायु अनुसन्धानका लागि तयार पारिएको हाई पर्फमेन्स कम्प्युटिङ प्रणालीको पनि उद्घाटन गर्नुहुनेछ । यस परियोजनाले ८५० करोड रुपियाँको लगानीको प्रतिनिधित्व गर्दछ, जसले मौसम विज्ञान अनुप्रयोगहरूको लागि भारतको कम्प्यूटेशनल क्षमतामा महत्त्वपूर्ण फड्को मारेको छ।

****** ० ******

**राष्ट्रपति द्रौपदी मुर्मु**

राष्ट्रपति द्रौपदी मुर्मुले आज सियाचेन आधार शिविरको भ्रमण गर्नुहुनेछ। भ्रमणको क्रममा उहाँले त्यहाँ तैनाथ सैनिकसँग अन्तरक्रिया गर्नुहुनेछ।

****** ० ******

**राष्ट्रपति द्रौपदी मुर्मु भारतीय कला महोत्सव**

राष्ट्रपति द्रौपदी मुर्मूले शनिबार हैदरावादको बोलारमस्थित राष्ट्रपति निलयममा भारतीय कला महोत्सवको उद्घाटन गर्नुहुनेछ । यो पर्व देशका पूर्वोत्तर राज्यहरू आसाम, अरुणाचल प्रदेश, मणिपुर, मेघालय, मिजोरम, नागाल्याण्ड, सिक्किम र त्रिपुराको समृद्ध र विविध सांस्कृतिक विरासतलाई समर्पित छ। राष्ट्रपति भवनकी अफिसर अन स्पेशल ड्युटी स्वाति शाहीले २९ सेप्टेम्बर देखि अक्टोबर ६ सम्म आयोजना हुने महोत्सवले पूर्वोत्तर क्षेत्रको जीवन्तता प्रदर्शन गर्ने बताउनु भएको छ । उत्तर पूर्वी हस्तकला र हथकरघा विकास निगमका प्रबन्ध निर्देशक ब्रिगेडियर आर.के. महोत्सवमा करिब ४०० कलाकार तथा शिल्पकारको सहभागिता

रहने सिंहले जानकारी दिनुभएको छ । आठ दिनसम्म चल्ने महोत्सवमा उत्तर पूर्वी राज्यका कलात्मक परम्परा, शिल्पकला र पाककलाको विविधताझल्कने अद्वितीय सांस्कृतिक अनुभव हुनेछ। सम्मेलनमा पूर्वोत्तर राज्यका राज्यपालहरू, केन्द्रीय मन्त्रीहरू, उत्तर पूर्वको संस्कृति र विकास मन्त्रालयका अधिकारीहरू र अन्य विशिष्ट व्यक्तिहरू उपस्थित हुनेछन्।

****** ० ******

**प्रधानमन्त्री नरेन्द्र मोदी- मेक इन इन्डिया**

प्रधानमन्त्री नरेन्द्र मोदीले मेक इन इन्डिया पहलले देशको युवा शक्तिलाई ठूला सपना देख्ने उत्साह दिएको बताउनु भएको छ।उहाँले भन्नुभएको छ -'यो पहलको प्रभावले भारत अजेय रहेको देखाउँछ। मेक इन इन्डियाको छाप सबै क्षेत्रमा देखिन थालेको प्रधानमन्त्रीले बताउनु भएको छ। उहाँले सन् २०१४ मा देशभरि दुईवटा मात्र मोबाइल उत्पादन एकाइ रहेको र आज यो संख्या दुई सयभन्दा अधिक पुगेको बताउनु भएको छ । श्री मोदीले आज भारतमा प्रयोग हुने ९९ प्रतिशत मोबाइल फोनहरू मेड इन इन्डिया छन् र यो देश बैश्विक रूपमा दोस्रो ठूलो मोबाइल उत्पादक बनेको बताउनु भएको छ। श्री मोदीले नवीकरणीय ऊर्जामा भारत विश्वकै चौथो ठूलो उत्पादक बनेको बताउनु भएको छ। रक्षा उत्पादन निर्यात एक हजार करोड रुपियाँ बाट बढेर 85 भन्दा अधिक देशहरूमा पुगेको छ।

****** ० ******

**भारतका नियन्त्रक तथा महालेखा परीक्षक**

भारतका नियन्त्रक तथा महालेखा परीक्षक गिरिशचन्द्र मुर्मूले क्यागले आर्टिफिसियल इन्टेलिजेन्सलाई रिपोर्ट तयार गर्न र डाटा एनालिटिक्सको व्यवस्थापनमा एकीकृत गर्ने काम गरिरहेको बताउनु भएको छ । १६ औं एसियन अर्गनाइजेसन अफ सुप्रिम अडिट इन्स्टिच्युसन (ए.एस.ओ.एस.ए.आई.) मा पत्रकारहरुलाई सम्बोधन गर्नुहुदै श्री मुर्मुले क्यागले सन् २०३० सम्ममा ५०० गिगावाटको लक्ष्य हासिल गर्न गैर परम्परागत ऊर्जाको पहलमा ध्यान केन्द्रित गरिरहेको बताउनु भएको छ । महालेखा परीक्षकले क्षमता अभिवृद्धिका लागि विभिन्न पहल गरेको र लेखापरीक्षकलाई सबै अवलोकनलाई क्याप्चर गर्न र हिताधारकहरुलाई साझा गर्न सबै सुविधाहरू प्रदान गरिरहेको जनाएको छ।

****** ० ******

**जम्मु कश्मिर – चुनाउ**

केन्द्र शासित प्रदेश जम्मू कश्मीरमा दोस्रो चरणको विधानसभा चुनावमा ५४ प्रतिशतभन्दा अधिक मतदान भएको बताइएको छ। चुनाव आयोगले राज्यका ६ जिल्लाका २६ विधानसभा सिटमा हिज मतदान शान्तिपूर्ण भएको बताएको छ । मुख्य चुनाउ आयुक्त राजीव कुमार, निर्वाचन आयुक्त ज्ञानेश कुमार र डा. सुखबीर सिंह सन्धुले मतदानलाई सहज बनाउन सम्पूर्ण मतदान प्रक्रियामाथी नजर राखेका थिए।प्रमुख उम्मेदवारहरूमा नेशनल कन्फरेन्सका उपाध्यक्ष र जम्मू कश्मीरका पूर्व मुख्यमन्त्री ओमर अब्दुल्ला, भारतीय जनता पार्टीका रविन्द्र रैना र अपनी पार्टीका अल्ताफ बुखारी आदि छन्। मतदानका लागि तीन हजार ५ सय दुई मतदान केन्द्र बनाइएका थिए।

****** ० ******

**हरियाणा -चुनाउ प्रसार**

हरियाणामा चुनाव प्रचार प्रसार अभियानले तिब्रता लिएको छ। उम्मेदवारहरुको समर्थनमा हिज विभिन्न दलका स्टार प्रचारकले जनसभालाई सम्बोधन गरे। प्रधानमन्त्री तथा भारतीय जनता पार्टीका वरिष्ठ नेता नरेन्द्र मोदीले सोनीपतको गोहानामा २२ विधानसभा क्षेत्रका उम्मेदवारहरूको पक्षमा जन आशीर्वाद रैलीलाई सम्बोधन गर्नुभयो। श्री मोदीले भाजपा सरकार अन्तर्गत हरियाणाले उद्योग र कृषि जस्ता क्षेत्रहरूमा शीर्ष राज्यहरूमा आफ्नो स्थान बनाएको बताउनु भएको छ।उहाँले विगत १० वर्षमा विश्वमा भारतप्रतिको विश्वास बढेको बताउनुहुदै भारत भ्रष्टाचार र भाईभतिजाबादबाट मुक्त भई तीव्र गतिमा अग्रसर रहेको बताउनु भएको छ। हरियाणाको ९० विधानसभा सीटका लागि ५ अक्तोबरमा एउटै चरणमा मतदान हुँदैछ।

**केंद्रीय वित्त मंत्री निर्मला सीतारमण -उज्बेकिस्तान**

उज्बेकिस्तानको समरकन्दमा आयोजित एशियाई बुनियादी ढांचा निवेश बैंक –एआईबीबी निदेशक मण्डल को नवौं वार्षिक गोलमेच बैठकमा केन्द्रीय वित्तमन्त्री निर्मला सीतारमणले भाग लिनुभएको छ। श्रीमती सीतारमणले बैंकलाई निजी क्षेत्रका लागि स्रोत परिचालन गर्न उत्प्रेरक भूमिका निर्वाह गर्न, नवीन वित्तीय उपायहरू र उत्पादनहरूको मानकीकरणको अधिक प्रावधानको

लागि प्रयास गर्न आग्रह गर्नुभएको छ ।उहाँले  ग्राहक केन्द्रित दृष्टिकोण, कोभिड महामारीको समयमा राम्रो कार्यान्वयन, ग्राहक केन्द्रित दृष्टिकोण र जलवायु केन्द्रित वित्तपोषण नीति जस्ता हालका पहलहरूको सराहना गर्नुभएको छ।

****** ० ******

**विदेश मंत्री डॉ. एस. जयशंकर संयुक्त राष्ट्र महासभा**

विदेशमन्त्री एस जयशंकरले हिज  रुसीका  विदेशमन्त्री  सेर्गेइ लाभरोभ बीच संयुक्त राष्ट्रसङ्घको महासभाको ७९औँ अधिवेशनको  क्रममा द्विपक्षीय बैठक गर्नु  भएको छ। श्री जयशंकरले 'बैठकको  क्रममा द्विपक्षीय सहयोग र क्षेत्रीय विषयमा चर्चा भएको बताउनु भएको छ  । उहाँले  न्युजिल्यान्डका विदेशमन्त्री विन्स्टन पिटर्ससँग पनि बैठक गर्नुभएको छ  । श्री जयशंकरले बेल्जियमका प्रधानमन्त्री अलेक्जेन्डर डी'क्रुसँग पनि भेट गरी उत्पादन र प्रौद्योगिकी बारे चर्चा गर्नुभएको छ । दुवै नेताबीच युक्रेनको अवस्थाबारे पनि चर्चा  भयो  । श्री जयशंकरले महासभा बैठकका क्रममा कैयौँ प्रतिनिधि र कूटनीतिज्ञसँग भेट गर्नुभयो  जसमा कजाखस्तानका विदेशमन्त्री नुर्तुल्लु, मोरक्कोका विदेशमन्त्री नासेर बोरिटा र स्विस फेडरल काउन्सिलर इग्नाजियो कासिस पनि सामेल  थिए।

****** ० ******

**गुजरातको गिर**

केन्द्रले गीर संरक्षित क्षेत्र वरपरको १.८४ लाख हेक्टर क्षेत्रलाई इको सेन्सेटिभ जोन  घोषित गरेको छ।  यस पहलले एसियाटिक सिंहहरूको एक मात्र प्राकृतिक वासस्थान गिरमा रहेको एसियाटिक सिंहहरूको संरक्षणलाई सतत  विकाससँग सन्तुलनमा ल्याउनेछ।  गुजरात राज्यका वन मन्त्री मुलुभाई बेराले हाल गिर संरक्षित क्षेत्रको बाहिरी सिमानाको १० किलोमिटर भित्र पर्ने क्षेत्रलाई E.S.Z मानिन्छ जहाँ तीन जिल्लाका कुल  एक सय ९६ गाउँ र १७ नदीले ढाकेको छ।   नयाँ क्षेत्रमा २४ हजार हेक्टरभन्दा अधिक वन क्षेत्र र १ लाख ५९ हजार हेक्टर गैर वन क्षेत्र सामेल हुनेछ।

****** ० ******

**आर्थिक वर्ष - खाद्यान्न उत्पादन**

आर्थिक वर्ष २०२३-२४ मा देशको कुल खाद्यान्न उत्पादन तीन हजार तीन सय २२ लाख मेट्रिक टन भएको छ, जो एउटा रेकर्ड  हो।  यो सन् २०२२-२३ को तुलनामा २६ लाख मेट्रिक टन अधिक  हो।

****** ० ******

**'एक पेड माँ के नाम'**

पर्यावरण ,वन तथा जलवायु परिवर्तन मन्त्रालयले वृक्षारोपण अभियान 'एक पेड माँ के नाम' अभियान अन्तर्गत महत्वपूर्ण लक्ष्य हासिल गरेको छ।   सितम्बर २०२४ सम्ममा ८० करोड बिरुवा रोप्ने लक्ष्य राखिएको थियो भने बुधबार  यो लक्ष्य हासिल भएको छ।

****** ० ******

**मकाउ ओपन ब्याडमिन्टन**

किदाम्बी श्रीकान्त मकाउ ओपन ब्याडमिन्टनको पुरुष सिंगल्सको  प्रि क्वाटरफाइनलमा प्रवेश गरेका छन् । उनले   इजरायलका डुबोभिन्को डेनिललाई २१-१४, २१-१५ ले पराजित गर्दै प्रि-क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। महिला सिंगल्समा तस्निम मिर पनि प्रि क्वाटरफाइनलमा पुगेकी छन्  ।  महिला युगलमा गायत्री गोपीचन्द र त्रिशा जोलीको भारतीय जोडी पनि अर्को राउण्डमा पुगेका छन्।

****** ० ******